'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १०६ | विहिवार २७ मंसिर, २०८१ | 12 (Thursday) December 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

## लुम्बिनी प्रदेश सरकारको पुँजीगत खर्चको निरासाजनक अवस्था

नमस्ते समचारदाता

देउखुरी, मंसिर/२६




चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकमा लुम्बिनी प्रदेश सरकारको पुँजीगत खर्च निराशाजनक देखिएको छ। प्रदेशका दुई वटा मन्त्रालय (आन्तरिक मामिला तथा कानुन मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय) को त पुँजीगत खर्च चार महिनामा पनि शून्य प्रतिशत छ। आर्थिक मामिला मन्त्रालयकै बजेट खर्च चार महिनामा २.९७ प्रतिशत मात्रै रहेको लुम्बिनी प्रदेश लेखा नियन्त्रक कार्यालय बुटवलले जनाएको छ। उक्त कार्यालयका अनुसार लुम्बिनी प्रदेश सरकारको चालु आवको पहिलो चौमासिकमा पुँजीगत खर्च जम्मा ९.५ प्रतिशत रहेको छ। कार्यालयका अनुसार पहिलो चौमासिकमा पुँजीगततर्फ ९.५ प्रतिशत र चालुतर्फ ११.१३ प्रतिशत मात्रै बजेट खर्च भएको छ। गत आवको पहिलो तीन महिनामा पनि प्रदेशको खर्च अहिलेभन्दा करिब चार प्रतिशत बढी (१४ प्रतिशत) रहेको थियो। प्रदेश सरकारले आव २०८१/८२ का लागि कुल ३८ अर्ब ९७ करोड रुपियाँ बजेट ल्याएको छ। जसमा कात्तिक मसान्तसम्म पुँजीगत ९.५ प्रतिशत र चालु खर्च ११.१३ प्रतिशत गरी कुल ४ अर्ब ३३ करोड ६६ लाख रुपियाँ खर्च भएको हो। प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार कात्तिक मसान्तसम्म प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले ६.०८ प्रतिशत बजेट खर्च गरेको छ। त्यसै गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको पुँजीगत खर्च ७.९० प्रतिशत, खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालयको पुँजीगत खर्च ९.१० प्रतिशत भने स्वास्थ्य मन्त्रालयको पुँजीगततर्फ २५.९६ प्रतिशत बजेट खर्च भएको छ। त्यस्तै कृषि तथा भूमि व्यवस्था मन्त्रालयको १०.५५ प्रतिशत, उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयको ०.७७ प्रतिशत, सामाजिक विकास मन्त्रालयको १.१७ प्रतिशत, वन तथा वातावरण मन्त्रालयको पुँजीगत खर्च जम्मा १.६१ प्रतिशत छ। उता मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयले चार महिनामा २.५५ प्रतिशत पुँजीगत खर्च गरेको छ। एकातिर पूँजीको अभावले गर्दा विकास निर्माणका ठूला आयोजनाहरु सञ्चालन गर्न नसकिरहेको अवस्था छ भने अर्को तिर सञ्चालन भैरहेका आयोजनाहरुमा समेत समयमा काम हुन नसकेर पूँजीगत खर्च अत्यन्तै न्यून रहेको छ। नेपालमा पैसा नभएर विकास नभएको होइन कि काम गर्ने क्षमता नभएर विकास नभएको हो भन्न हिचकिचाउनु पर्दैन।

## लर्ड बुद्ध एजुकेशनल एकेडेमीविरुद्ध आन्दोलन घोषणा

नमस्ते समचारदाता

बाँके, मंसिर/२६



बाँकेस्थित लर्ड बुद्ध एजुकेशनल एकेडेमीका तीन वटै युनियनहरु आन्दोलित भएका छन्। लर्ड बुद्ध एजुकेशनल एकेडेमी लिमिटेडमा आबद्ध कर्मचारी संगठन, संघ तथा युनियनले संयुक्तरुपमा प्रेस विज्ञप्ती जारी गर्दै यस्तो जनाएको हो। उनीहरुले गत असार ४ गते ७ बुदाँ र ४५ उप बुदाँमा व्यवस्थापन पक्ष र युनियनका प्रतिनिधिसँग तीन पटकसम्म वार्ता गर्दा पनि कुनै सहमति हुन नसक्दा आफ्ना माग सम्बोधन गराउन आन्दोलनको घोषणा गर्न बाध्य भएको बताएका छन्। लर्ड बुद्ध एजुकेशन एकेडेमी लिमिटेड कर्मचारी संघका सभापति यमबहादुर खड्का, नेपाल स्वास्थ्य तथा कर्मचारी युनियकी अध्यक्ष अनिता थापा र लर्ड बुद्ध एजुकेशन एकेडेमी लिमिटेड कर्मचारी संगठनका सभापति एवम वार्ता कमिटीका संयोजक रत्ना गिरीद्वारा हस्ताक्षरित उक्त विज्ञप्तीमा मंसिर २६ देखि ३० गतेसम्म आन्दोलनका कार्यक्रमहरु घोषणा गरिएका छन्। उनीहरुले आफ्नो माग सम्बोधन नभएको भन्दै आन्दोलन घोषणा गरेका हुन्। घोषित आन्दोलनका कार्यक्रम अन्तर्गत २६ गतेदेखि मंसिर २८ गतेसम्म कालो पट्टी बाँधेर काम गर्ने र साँझ नेपालगञ्ज, कोहलपुर र चिसापानीमा कोण सभा गर्ने, मंसिर ३० गते घोषित कार्यक्रमलाई निरन्तरता दिदैं प्रशासन, फाइनान्स, एकेडेमी कार्यालयहरुमा तालाबन्दी गरी साँझ कोण सभा गर्ने तथा यसविच सहमतिमा पुग्न नसकेमा घोषित आन्दोलनका कार्यक्रमहरुलाई निरन्तरता दिदैं मंसिर ३० गतेदेखि दोस्रो चरणको आन्दोलनका कार्यक्रमहरु घोषणा गर्ने बताइएको छ।

## जाजरकोटमा बोलेरो दुर्घटना हुँदा ५ जनाको मृत्यु

नमस्ते समचारदाता

जाजरकोट, मंसिर/२६

जाजरकोटमा भएको जीप दुर्घटना ५ जनाको मृत्यु भएको छ। बुधबार नलगाड नगरपालिका-५ कालीबाटीबाट वडा नम्बर ३ करुवा जाँदै गरेको ग ३ च ९८४५ नम्बरको बोलेरो जीप कैना-कड्के सडकअन्तर्गत बिरखोला नजिक दुर्घटनामा परेको प्रहरीले जानकारी दिएको छ। प्रहरीका अनुसार दुर्घटनामा मृत्यु हुनेमा नलगाड नगरपालिका-३ करुवाका ३१ वर्षीय चालक ईन्द्रजित थापा, ६५ वर्षीया शिला पुन, ३३ वर्षीया शारदा थापा, १७ वर्षीया लक्ष्मी पुन रोका र लक्ष्मीका एक महिनाका छोरा आलोचन रोका रहेका छन्। दुर्घटनामा २ जना घाइते भएका छन्। गए राति डबल क्याप बोलेरो जीप ब्रेक फेल भएपछि सडकबाट करिब ८ सय मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय जाजरकोटले जानकारी दिएको छ। पहाडी जिल्लाहरुमा यो वर्ष सवारी दुर्घटनाको बढेको तथ्याङ्क रहेको छ।

## बाँकेमा हात्तीपाइले रोग निवारण सर्भेको काम अन्तिम चरणमा

नमस्ते समचारदाता

बाँके, मंसिर/२६



बाँकेमा हात्तीपाइले रोग निवारणका लागि सुरु गरिएको आइडिए इम्प्याक्ट सर्भेको काम अन्तिम चरणमा पुगेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र हेटौंडा र स्वास्थ्य कार्यालय बाँकेको संयुक्त आयोजनामा बाँकेका आठ वटै पालिकामा भइरहेको सर्भेको काम अहिले अन्तिम अवस्थामा पुगेको स्वास्थ्य कार्यालयले जनाएको छ। राष्ट्रिय हात्तीपाइले रोग निवारण कार्यक्रमका फोकलपर्सन दुर्गा गौतमले दिएको जानकारी अनुसार जिल्लाका ६५ वटा वडामा ४ हजार ७ सय २५ स्याम्पल सङ्कलन गर्ने गरी सर्भेको काम भइरहेको छ। बाँकेलाई दुई साइडमा बाँडेर सर्भेको काम भइरहेको उनले बताए। फोकलपर्सन गौतमका अनुसार नेपालगन्ज उपमहानगर पालिका, डुडुवा गाउँपालिका र नरैनापुर गाउँपालिकालाई साइड 'ए' बनाइएको छ भने कोहलपुर नगरपालिका, खजुरा गाउँपालिका, बैजनाथ गाउँपालिका, जानकी गाउँपालिका र राप्तीसोनारी गाउँपालिकालाई साइड 'बि' बनाइएको छ। साइड 'ए' मा ३५ वटा वडा रहेको छन् भने साइड 'बि' मा ३० वटा वडा परेका छन्। साइड 'ए' तिरका डुडुवा गाउँपालिका र नरैनापुर गाउँपालिकाका सबै वडामा सर्भेको काम सम्पन्न भइसकेको स्वास्थ्य कार्यालय बाँकेले जनाएको छ। सो कार्यालयका अनुसार नेपालगन्ज उपमहानगर पालिकामा सर्वे चलिरहेको छ। कोहलपुरनगरपालिकाका ८ वडा, राप्तीसोनारी गाउँपालिका ६ वडा जानकीगाउँपालिकाका ४, बैजनाथगाउँपालिकाका ७ र खजुरा गाउँपालिकाका ५ वटा वडाहरु साइड 'बि' परेका छन्। साइड 'बि' तिरका कोहलपुर बाहेक अन्य सबै वडाको सर्भेको काम सम्पन्न भइसकेको छ। कोहलपुरमा पनि सर्भेको काम भइरहेको कोहलपुर नगरपालिकाका जनस्वास्थ्य निरीक्षक प्रेम पाण्डेले जानकारी गराएका छन्। मङ्सिर ११ गतेबाट सुरु भएको सर्भेको काम यही मंसीर २८ गतेसम्म सम्पन्न गर्ने लक्ष्य छ। त्यसका लागि अहिले स्वास्थ्यकर्मी, ल्याव र महिला स्वास्थ्य स्वयमसेविकाको टोली घर-घरमा गइरहेको छ। गएको वर्ष पनि बाँकेलाई दुई साइडमा बाँडेर चार ठाउँमा इपिडिमियोलोजिकल मोनिटरिङ सर्भे (इएमएस)को काम गरिएको थियो।

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ


# सम्पादकीय

## समाजवाद उन्मुख भन्नु नारा मात्रै

नेपालमा रहेका धेरैजसो राजनीतिक दलहरुका नेताको जिब्रोमा झुण्डिएको शब्द हो समाजवाद । २०७२ सालमा बनेको नयाँ संविधानमा नै समाजवाद उन्मुख संविधान भनेर परिभाषित गरेपश्चात त झन नेताहरुले भाषणौ पिच्छे समाजवाद भन्ने भैहाले । नेपालमामा हाल भन्ने समाजवाद र समाजवादी कुरा भनेरको संविधानमा लेखिएको हुनाले गर्ने भाषण त भयो तर समाजवाद आउने एकआउने एकरती पनि न नीति छ न योजना र कार्यक्रम छ सरकारसँग। नेपाली विशेषताको आजको आवश्यकता अनुसारको समाजवादको न राज्यले परिभाषित गर्न सकेको छ न कार्यान्वयन गर्न सक्ने आधार नै छ। किनभने समाजवाद भनेको राष्ट्रिय पूँजीको विकास नगरेर संभव नै हुँदैन । तर नेपालमा एकातिर राष्ट्रिय पूँजीको विकास गर्ने न सरकार सँग कार्यक्रम छ , न नेपालका कुनै पनि सरकार दलालपूँजी बिना टिक्न नै सक्ने अवस्था बनेको छ। सरकार नै स्वयम दलाल पूँजीपतिहरुको संरक्षणमा लाग्ने प्रवृत्ति रहँदा सम्म समाजवाद उन्मुख राज्यव्यवस्था ल्याउछौं भनेर  जनतालाई भ्रम छर्न छोडेकै राम्रो । नेपालमा राष्ट्रिय पूँजीको विकास कसरी हुन्छ भन्ने बारेमा कि त नेपालका नेताहरु र अर्थविदहरुले बुझेकै छैनन् कि त उनीहरु सबै दलालपूँजीवाद बिना नेपालमा कोही पनि बाँच्न सकिदैन भन्ने कमजोर आत्मबल भएकाहरु नै हुन । नेपालले राष्ट्रिय पूँजीको विकास गर्न आफूसँग भएको जल, जमिन, जंगलको सही ढंगले पहिचान, परिचालन र प्रयोग गर्न जान्नु पर्छ । यसबाट मात्र नेपालको उत्पादकत्व वृद्धि गराउन सकिन्छ। नेपाली जनता कयौं चिजमा आत्मनिर्भर हुन सक्छन्। अहिले सम्म पनि नेपालको राष्ट्रिय उत्पादन बढाउने गरी कुनै नीति योजना सरकारका छैनन्। विदेशी सँग उनुदान र ऋण लिएर मुलुक चलाइरहेकाहरुले समाजवादको नारा लगाउनु जनतालाई ढाँट्नु बाहेक केही होइन।

# मातृभूमिप्रतिको जिम्मेवारी

**यादव देवकोटा**




नेपालको उन्नति, विकास र समृद्धिका लागि चाहिने पूर्वाधारको निर्माण नभएका होइनन्, गाउँ गाउँमा सडक पुगेका छन्, विद्यालय खुलेका छन्, स्वास्थ्य सुविधा, खानेपानी, विद्युत् पुगेका छन् । गाउँ सुनसान हुँदै गएको छ । यसको प्रमुख कारण गाउँमै केही हुन्छ, गाउँमै अवसर छ, गाउँबाटै समृद्धि हासिल हुन्छ भन्ने विश्वास जगाउन नसक्नु हो। मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक रूपमा हेर्दा यो चिन्ताको विषय हो । यसको अन्त्यका लागि केही आधारभूत काम तिनै तहका सरकारबाट एकल योजनाका साथ गर्नु पर्छ। आजको अवस्था नेपालमा अवसर छैन, यहाँ भविष्य छैन, विदेश जानुको विकल्प छैन भन्ने गलत भाष्य स्थापित भएको/गरिएको छ। गाउँमै केही हुन्छ भन्ने विश्वास दिलाउन सकिएको छैन। विदेश जानु अनिवार्य बाध्यता जस्तै बनाइएको छ । यो गलत अभ्यासलाई चिर्न समाजका हरेका वर्ग, क्षेत्र लागिपर्नु पर्छ । यसको पहिलो सर्त हो, गाउँमै विश्वास जागृत गर्न सक्नु। कसरी विश्वास जगाउने त ? यसका लागि सामान्य काम गर्दा काफी हुन्छ। जस्तो, गाउँमा कृषि, पशुपालनका लागि प्रेरित गर्ने, उनीहरूको उत्पादनलाई बजार व्यवस्थापन पालिका, प्रदेश र सङ्घीय सरकार तिनै निकायको संयुक्त पहलमा गर्ने। उत्पादित वस्तुले बजार र मूल्य राम्रो पायो भने रोजगारीकै लागि विदेश जानेहरू पक्कै पनि रोकिने छन्। उनीहरूलाई पनि रहर हुन्न परिवार छाडेर एक्लो, उराठ, निरस र कष्टपूर्ण जीवन विदेशमा बिताउन। नेपालमा अवसर नभएको भन्नु नै गलत हो। यहाँ अवसर नै अवसर छ। अवसर हुन्थेन भने भारत जस्तो विश्व अर्थतन्त्रको प्रमुख शक्ति देशले विप्रेषण भित्र्याउने १० मुलुकभित्र नेपाल पर्ने थिएन। यो कुनै मनगढन्ते कुरा होइन। यो तथ्यलाई हेर्दा यहाँ अवसर छ भन्ने कि छैन भनेर एकोहोरो युवा विदेश पलायनको मार्ग मात्र फराकिलो बनाइरहने कि युवालाई यहीँ अवसर छ भनेर विश्वास दिलाउने ? आज गाउँ गाउँमा सडक पुगेको छ तर त्यो सडकको उपयोग छैन । सडक पुग्यो, यातायात चल्यो भने त्यहाँका उत्पादनले बजार पाउने वा बजारसम्म पुग्ने अवस्था हुनुपर्नेमा बनेका सडकको उपयोग नै हुन सकेको छैन। रित्ता गाउँमा पुगेका सडक अर्थात् श्रमशक्तिविहीन गाउँमा पुगेको सडकको उत्पादनमूलक उपयोगिता हुनै सकेको छैन। यस्तो वातावरण भत्काउनु पर्छ र यसका लागि श्रम, सिपको सम्मान र बजार व्यवस्थापनलाई जोड दिनु पर्छ । योजना सोही अनुसारको बनाउनु पर्छ । राजनीतिक लाभहानिलाई त्यागेर समाज हितको सोच राख्नु पर्छ। यसका लागि घरेलु तथा परम्परागत र वंशाणुगत पेसा र उद्योग अग्रस्थानमा आउँछ।

### वंशाणुगत पेसाको सम्मान

विविधतामा एकता कायम रहेको नेपाली समाजमा वंशाणुगत पेसा, व्यवसाय र सिप थियो र अद्यापि त्यो कायम छ । पछिल्लो समय त्यस्तो श्रम, सिप र उद्यमशीलतामा अनेक तगारा हालिएका छन् । संविधानले व्यवस्थित गरिएको 'समाजवाद उन्मुख अर्थव्यवस्था' को धज्जी उडेको छ। समाजसापेक्ष परम्परा ध्वस्त बन्दै गएका छन्। नेपाली समाजको बनावट समाजवादको सिद्धान्त अनुरूप रहेकोमा विमति राख्नुपर्ने कारण छैन । जातीय विशेषताका वंशाणुगत सिप र क्षमता लोप हुने अवस्थामा छन्। पेसा र सिपप्रति सम्मान नहुँदा परम्परागत पेसा, व्यवसाय छाडेर विदेश पलायन हुने क्रम बढेको छ । वंशाणुगत संस्कार, पेसा र सिप एक प्रकारका अलौकिक विशेषता यो भूखण्डका जातीय विशेषता नै हुन् । तिनको समुचित संरक्षण, संवर्धन र समयानुकूल विकासतिर ध्यान दिइएन । मानवीय शक्ति, सामर्थ्य र उच्चतम गुणवत्ता पूर्णतः ह्रास हुन पुग्यो । मानिसको व्यक्तित्व निर्माणमा अतुलनीय योगदान दिने र सुसभ्य, सुसंस्कृत र सौन्दर्यका साथै इज्जतको प्रतीक शिरदेखि पाउसम्मको आकर्षण थरी थरीका पोसाक तयार गर्ने कुशल 'दमाईं' हरूलाई जातीय राजनीतिको औजार बनाएर उनीहरूकै पिठिउँमा चढेर सत्तामा पुग्नेहरूले यो जातिको वंशाणुगत सिप र पेसाको उपयोग गरी तयारी पोसाक निर्यातक बनाउन कहिल्यै चाहेनन्। यो त प्रतिनिधिमूलक उदाहरण मात्र हो। समाजमा दुई जाति मात्रै छन् महिला र पुरुष। केही जातलाई दलित भनेर उनीहरूलाई विभिन्न प्रलोभनमा पारी राजनीति गर्नेहरूले उनीहरूको उन्नतिका खातिर केही गरेनन् । अझै भऱ्याङ बनाउने काम गरिरहेका छन् । हरेक वर्षको असोज १ गते विश्वकर्मा भगवान्को पूजा गरिन्छ तर सिप र क्षमताका जिउँदा भगवान्लाई 'दलित' को संज्ञा दिएर भेदभाव गरिन्छ। विश्वकर्मा किन आफ्ना पूर्वज जस्तै पुज्य हुन पाएनन् वा सकेनन् ? परिणामतः कृषिकर्ममा उपयोग हुने औजारदेखि हातहतियार बनाउन सिपालु यिनीहरूको सिप, क्षमता र योग्यताको उपयोग गर्नुको साटो कुटो, कोदालोसमेत विदेशबाट आयात गर्नुपर्ने अवस्था बन्यो। वंशाणुगत गुण र सिप, श्रम तथा अन्य मानवीय प्रतिभाको दृष्टिमा यस्ता जातिहरूमा केही कमी थिएन यी त कलाका धनी थिए। सिप र जाँगर तथा स्वाभिमानी र स्वावलम्बी थिए। उनीहरूको जीवनशैली तथा संस्कार र संस्कृतिमाथि अतिक्रमण हुनाका साथै उनीहरूका जीवनधारका सबै क्षेत्र र साधन खोसिनु र उनीहरू स्वयम् कुण्ठाग्रस्त हुँदै जानु यसका प्रमुख कारण हुन् । यसको दोषी को र किन यस्तो अवस्था आयो ? यसको उत्तर खोज्ने हो भने नेपालमा केही भएन, केही अवसर छैन भन्ने अवस्थाको अन्त्य हुने छ । वंशाणु गुणका उच्चतम विशेषताको जगेर्ना गर्न त्यो वंशले आफ्नो कुल, परम्परा र मर्यादाका साथै कला, कौशल र रक्त शुद्धतामा पनि ध्यान दिएर तदनुरूप नै क्रियाशील हुँदै गर्दा विलक्षण प्रत्युत्पन्नमतिका सन्तान जन्मने अवधारणा शास्त्रले राखेको थियो। जुन जातिको आणुवंशिक विशेषतामा यस्ता गुण अवरुद्ध नभई निरन्तर वंशवृक्षमा पुस्तौंपुस्ता आए, ती जाति जीवनयात्राका क्रममा होस् वा कीर्तिमान कायम गर्ने कुरामा पछाडि परेनन्। यस्ता जाति भयमुक्त भएर विचरण गर्ने हुनाले कुनै सानो सङ्गठन वा कुनै धर्म र कुनै प्रकारको पनि सुरक्षा छाता ओडेर आफ्नो प्रतिरक्षा गर्न उद्यत हुँदैनन् । उनीहरू सम्मानित रूपमा आफ्नो पेसालाई अघि बढाउँदै आर्थिक, सामाजिक विकासमा अघि बढिरहन्छन् र त्यस्तो अवसर राज्यले दिनु पर्छ। यस्तो अवस्थाको अभावकै कारण देशमा केही भएन, केही हुँदैन भन्ने गलत मान्यता स्थापित हुँदै गएको छ । यसबाट देश वृद्धवृद्धाको आश्रयस्थल मात्रै बन्ने त होइन भन्ने चिन्ता बढ्दै गएको छ । मानिसको जीवनशैली, पेसा, व्यवसायमा मात्र होइन प्रकृतिको पनि संरक्षण गर्नु पर्छ र यसको रक्षा नै मानव जीवनको मात्र नभएर सृष्टि संरचनाकै रक्षा हुन्छ, सन्तुलित हुन्छ भन्ने मान्यता शास्त्रले दियो । त्यही शास्त्र पढेर, परम्परागत रूपमा सिकेर, बुझेर पितापुर्खाले जे गरे, त्यो सबै अवैज्ञानिक भन्दै मास्ने क्रम सुरु भएदेखि नै नेपाली समाजमा भाँडभैलो मच्चिन थालेको हो । कथित आधुनिकताका नाममा आफ्नो विशेषता र आफ्नोपन भुल्ने महाभुलको परिणाम आज वनजङ्गल, खोला, नदी, हिमालदेखि मानिस स्वयम्ले भोगिरहेको छ । आजको विडम्बना के भने आफूले आफैँलाई चिन्न नसकेर, आफ्नो क्षमतामा आफैँलाई विश्वास नगरेर, अरूको लहैलहैमा लाग्दा हातमुख जोर्नकै लागि विदेशमा कष्टपूर्ण श्रम गर्नुपर्ने बाध्यता आइलागेको छ । यो नेपाल भूमिको गल्ती होइन, नेपाल भूमिमा अथाह स्रोतसाधन छ अनि यहाँ श्रम गर्न सक्ने सिप भएका युवाको कमी छैन। कमी छ उनीहरूको श्रमको सम्मान र मूल्य ? ती दुई कुरा समाजमा स्थापित हुने हो भने नेपालमा अवसर छैन भन्ने भाष्य आफैं खारेज हुने छ। नेपाली समाजलाई सहिष्णु, श्रममुखी, सिपमूलक बनाउँदै उद्यमशीलताको विकास गर्न वंशाणुगत सिप, कौशल प्रमुख आधार बन्न सक्छ । आज विभिन्न जिल्लाका घरेलु उद्योग कामदार नपाएर धमाधम बन्द हुँदै छन् । यस्तो अवस्था किन भन्दा देशमा श्रम र सिपको सम्मान र मूल्यको अभावले हो । कुनै पनि मुलुकको समृद्धिमा त्यो देशको श्रमशक्ति र कायम रहेको सिपको सबैभन्दा ठुलो हात हुन्छ । कठोर श्रम गर्न सक्ने क्षमता र अपार सिप भएका नेपाली नै समृद्धि नेपालको आधार हुन् र यो विश्वव्यापी रूपमा चिनिएको नेपालको मौलिक संस्कृति पनि हो । यही संस्कृति, सिप, श्रम र परम्परागत ज्ञानको उपयोग गर्दै क्षमता, दक्षता र माटो सुहाउँदो उद्यमशीलता विकसित गर्दै युवामा विकसित हुँदै गएको 'यहाँ केही हुँदैन' भन्ने गलत मान्यता भत्काउने जमर्को गर्दै स्वदेशमै केही अवसर छ, रोजगारी छ, समृद्धिको आधार छ भन्ने मान्यतालाई दह्रोसँग स्थापित गर्नु पर्छ । पूर्वीय समाजले व्यवस्था गरेको वर्णव्यवस्था जातीय विभेद नभएर आधुनिक अर्थशास्त्रको सिद्धान्त अनुसार श्रम विभाजन मात्र हो । श्रमलाई जातसँग होइन शास्त्रसम्मत सिप, कौशलसँग जोडेर यसको महत्व दर्साउन सकियो भने नेपाली समाजमा हराउँदै गएको आफ्नोपनको गौरव र विशेषता पुनर्स्थापित हुने छ । देशमा श्रम र सिपको सम्मान हुने छ, यसले युवा पलायन रोकिने मात्र होइन, आर्थिक समृद्धिमा नयाँ आधार खडा हुने छ । नत्र मातृभूमिप्रति अन्याय हुने छ।

*-गोरखापत्र*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि  काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि  काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

# भैँसी प्रवर्द्धनमा करोडौँ खर्च, गोठ रित्तै

नमस्ते समचारदाता
बैतडी, मंसिर/२६



सडकको भित्तामा ट्रक तेर्स्याएर तीन जना मानिस भैँसीलाई बलजफती तान्दै थिए। ट्रकभित्र पहिले नै हुलेका भैँसी त्रसित देखिन्थे। त्यही भिडमा एउटा पाडी पनि थियो। तान्दै गरेको भैँसी ट्रकमा उक्लिएपछि पाडीले थुन चुस्न थाल्यो। यो दृश्य आइतबार साँझ बैतडी-दार्चुला जोड्ने सडकखण्डको दोगडाकेदार गाउँपालिका-५, न्वालीगाउँ नजिकैको हो। कानुनले मासु प्रयोगका लागि स्त्री चौपाया वध निषेध गरे पनि बैतडीबाट यसरी नै हरेक दिन दुधालु भैँसीसँगै पाडापाडीसमेत निकासी हुने गरेका छन्। भैँसी निकासी बढ्दा स्थानीय गड्डी जातका भैँसी लोप हुने अवस्था सिर्जना भएको छ। सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/८२ मा दोगडाकेदार गाउँपालिकासहित शिवनाथ गाउँपालिका र सिगास गाउँपालिका गरी तीन वटा पालिकामा भैँसी प्रवर्धन गर्न ६० लाख रुपियाँ खर्च गर्ने तयारी गरेको छ। भैँसी प्रवर्धनमा स्थानीय तहको लगानीसमेत जोड्ने हो भने प्रत्येक वर्ष एक करोड रुपियाँभन्दा बढी खर्च हुने गरेको छ। यद्यपि भैँसी निकासीको मापदण्ड नहुँदा एक वर्ष भैँसी प्रवर्धन र अर्को वर्ष गोठ रित्तिने गरेका छन्। भैँसी प्रवर्धनका लागि प्रदेश सरबारबाट चालु आव २०८१/८२ मा शिवनाथ गाउँपालिकामा ५० लाख रुपियाँ, दोगडाकेदार गाउँपालिकामा पाँच लाख र सिगास गाउँपालिकामा पाँच लाख गरी ६० लाख रुपियाँ बजेट तोकिएर आएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाटन बैतडीका कार्यालय प्रमुख गुमानीदत्त पन्तले बताउनुभयो। उहाँले भैँसी प्रवर्धनमा सरकारले बर्सेनि लगानी गर्दै आए पनि तस्करी र निकासी रोकिन नसकेको बताउनुभयो। कार्यालयलाई भैँसी निकासी रोक्ने अधिकार नभएको उहाँले बताउनुभयो। नीतिगत रूपमै राँगा निकासी गर्न पाइने तर भैँसी जिल्लाबाहिर जान नदिने हो भने मात्रै रोकिने अवस्था रहेको उहाँले बताउनुभयो। स्थानीय तहले भैँसी निकासी रोक्ने ऐन कानुन बनाउन नसक्दा एकातिर भैँसी प्रवर्धनको कार्यक्रम सञ्चालन हुने र अर्कातर्फ निकासी बढ्दा राज्यको लगानी भैँसीमा पानी हुने गरेको अगुवा किसान चिन्तामणि भट्टले बताउनुभयो। भैँसी प्रवर्धनका लागि गाउँपालिकाले बजेट खर्च गर्दै आइरहेको भए पनि निकासी रोक्ने विषयमा भने नीतिगत निर्णय नगरेको शिवनाथ गाउँपालिकाका अध्यक्ष कर्ण साउदले बताउनुभयो। उहाँले भैँसी निकासीका विषयमा कृषिविज्ञसँग समन्वय गरेर नीतिगत निर्णय गर्नुपर्ने अवस्था आएको बताउनुभयो। खरीरोग चुनौती रैथाने गड्डी जातका भैँसीमा देखा परेको खरीरोग चुनौतीका रूपमा देखिएको पशु सेवा विज्ञ केन्द्रका डा. विशाल पाठकले बताउनुभयो। उहाँले खरीरोगको उपचार गर्न पशु सेवा विज्ञ केन्द्रका कर्मचारी मेलौली नगरपालिका र शिवनाथ गाउँपालिकाका किसानको घरदैलोमै पुगेर रोगी भैँसीको रगतको नमुना सङ्कलन गरेर अनुसन्धान भइरहेको बताउनुभयो। उपचार गरे रोग निको हुन्छ भन्ने जानकारी नपाउँदा किसानले २०/२५ हजारमा भैँसी बेच्ने गरेको उहाँले बताउनुभयो। जिल्लामा दुधालु भैँसीको मूल्य ८० हजारदेखि एक लाख रुपियाँसम्म पर्ने गरेको छ। खरीरोगका कारण भैँसी दुब्लाउँदै जाने, हिँड्न नसक्ने र अन्तिममा मृत्युसम्म हुने भएकाले सस्तो मूल्यमै किसान भैँसी बिक्री गर्न बाध्य हुने गरेको सिगास गाउँपालिका-१ का किसान टीकाराम भट्टले बताउनुभयो। पशु सेवा विज्ञ केन्द्र बैतडीको तथ्याङ्क अनुसार जिल्लामा आव २०६९/७० मा ५८ हजार ३७० भैँसी थिए। स्थानीय तहको पुनर्संरचनापछि भैँसीको यकिन तथ्याङ्क सङ्कलन हुन सकेको छैन।

# दुई वाणिज्य संघबिच मितेरी सम्बन्ध

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/२६




कर्णाली प्रदेशको सुर्खेत उद्योग वाणिज्य सङ्घ र लुम्बिनी प्रदेशको औद्योगिक सहर भैरहवाको सिद्धार्थ उद्योग वाणिज्य सङ्घबिच मितेरी सम्बन्ध कायम गरिएको छ। दुवै सङ्घबिच आपसी सम्बन्ध सुदृढीकरणण र आर्थिक विकासमा महत्वपूर्ण योगदान दिने गरी समन्वय र सहकार्य गर्ने उद्देश्यले दुई उद्योग वाणिज्यबिच मितेरी सम्बन्ध कायम गरिएको हो। सोमबार एक समारोहमा सुर्खेतका अध्यक्ष लक्ष्मण कँडेल र सिद्धार्थनगरका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले समन्वय सहकार्यको १४ बुँदे समझदारीपत्रमा हस्ताक्षर गर्दै मितेरी सम्बन्ध कायम गर्नुभएको छ। मितेरी लगाउँदा सुर्खेतका अध्यक्ष कँडेलले समकक्षी श्रेष्ठलाई कर्णालीको विशेषता र पहिचान बोकेको अल्लोको टोपी र जुत्ता कोसेली दिनुभयो भने श्रेष्ठले ढाकाटोपी लगाइदिनुभयो। बुद्ध जन्मस्थल लुम्बिनी र धार्मिक ऐतिहासिक धरोहर काँक्रेविहारलाई जोड्ने गरी बौद्ध सर्किट स्थापना गरी दुवै क्षेत्रमा रहेका पर्यटकीय गन्तव्यको प्रचारप्रसार एवं प्रवर्धन गर्ने गरी संयुक्त पर्यटन प्याकेज विकास गरिने छ। यस्तै दुवै क्षेत्रमा औद्योगिक तथा व्यापारिक सम्बन्ध विस्तार गर्ने, ज्ञान, सिप, अनुभव र सूचना आदानप्रदान गर्ने र आवश्यकता अनुसार संयुक्त रूपमा कार्यक्रम आयोजना गर्ने सम्झदारीपत्रमा उल्लेख छ। स्थानीय उत्पादनका लागि बजार पहिचान, प्रवर्धन र बजारीकरणका लागि सहकार्य गर्ने, दुवै सङ्घका सदस्य तथा सचिवालय कर्मचारी क्षमता अभिवृद्धिका लागि संयुक्त तालिम, प्रशिक्षण गर्ने, दुवै सहरको औद्योगिक तथा व्यापारिक विकासका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माणका लागि संयुक्त रूपमा पहल गर्ने, पैरवी, सहकार्य गर्ने उल्लेख छ। दुई क्षेत्रका उद्योगीले संयुक्त लगानीमा नयाँ उद्योग स्थापना गर्न चाहेको खण्डमा समन्वयकारी भूमिका निर्वाह गर्ने, साझा समस्याको पहिचान तथा निराकरणका लागि सहकार्य गर्ने पनि जनाइएको छ। कार्यक्रममा सिद्धार्थ नगरका अध्यक्ष श्रेष्ठले विभिन्न भौगोलिक क्षेत्रका उद्योग वाणिज्य सङ्घबिचको सहकार्य र साझेदारीले समग्र देशको व्यापारिक वातावरणलाई सबल बनाउने विश्वास व्यक्त गर्नुभयो। उहाँले दुई सङ्घबिचको मितेरी सम्बन्धले दुवै जिल्लाको व्यापार-व्यवसाय विस्तार, उद्योग र उत्पादनको प्रवर्धन, लगानीका अवसरको सिर्जना गर्नेमा आफू विश्वस्त रहेको बताउनुभयो।

# कर्णाली प्रज्ञा–प्रतिष्ठान ऐन निर्माण गरिँदै

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/२६




कर्णाली प्रदेश सरकारले 'कर्णाली प्रज्ञा-प्रतिष्ठान' ऐन निर्माण गर्न लागेको छ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेटेर ऐन निर्माणको योजना अघि बढाएको हो। कर्णालीको भाषा, साहित्य, कला तथा संस्कृतिको अध्ययन अनुसन्धान र संरक्षण गर्न कर्णाली प्रज्ञा-प्रतिष्ठान ऐन निर्माण गर्न लागिएको सरकारले जनाएको छ। यो वर्ष प्रदेश सरकारले ऐन निर्माण गर्ने भएको हो। ऐन निर्माणका लागि सामाजिक विकास मन्त्रालयको सैद्धान्तिक सहमतिका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा फाइल पेस गरेको छ। यसअघि आर्थिक मामिला तथा योजनाबाट सैद्धान्तिक सहमति आइसकेको थियो। कानुन मन्त्रालयमा सैद्धान्तिक सहमति आए मन्त्रीपरिषद् बैठकमा पेस गरिने सामाजिक मन्त्रालयका सचिव दीर्घराज पोखरेलले बताउनुभयो। उहाँका अनुसार ऐनको सामान्य मसौदासमेत तयार पारिएको छ। यसअघि पनि ऐनको सैद्धान्तिक सहमति भएको थियो। २०७९ भदौ २२ गतेको मन्त्रीपरिषद्को बैठकबाट सैद्धान्तिक स्वीकृति दिइएको थियो। त्यतिबेला ऐन निर्माणको काम हुन सकेको थिएन। बेला बेला भइरहने सरकार फेरबदलले गर्दा ऐन निर्माणको काम ओझेलमा परेको थियो। चालु आवमा पुनः सैद्धान्तिक सहमति लिएर ऐन निर्माणको काम अघि बढाउन लागिएको सचिव पोखरेलले जानकारी दिनुभयो। एक महिनाअघि कानुन मन्त्रालयमा ऐनको सैद्धान्तिक सहमतिका लागि फाइल पेस गरिएको थियो। आर्थिक मन्त्रालयबाट ऐन निर्माणका लागि सहमति आइसकेको छ। कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले २०८१ भदौमा काठमाडौँमा विज्ञहरूसँग छलफल गर्नुभएको थियो। कर्णाली प्रज्ञा-प्रतिष्ठान ऐन निर्माणका लागि सुझाव सङ्कलन गरिएको थियो। 'कर्णाली प्रदेशको सांस्कृतिक नीति र कर्णाली प्रज्ञा-प्रतिष्ठान' गठनका सम्बन्धमा विधागत विज्ञसँग परामर्श तथा सुझाव माग गरिएको थियो। संवैधानिक अधिकार प्राप्त भए पनि अझै कर्णाली प्रदेशमा प्रज्ञा-प्रतिष्ठान गठन हुन सकेको छैन। कर्णाली प्रज्ञा-प्रतिष्ठान स्थापना गर्ने र कर्णालीको संस्कृति संरक्षणका लागि सांस्कृतिक नीति निर्माण गर्ने र प्रतिष्ठानको संरचना तय गर्ने उद्देश्यले काठमाडौँमा छलफल राखिएको थियो। "खस भाषाको उद्गमस्थल कर्णाली प्रदेशको मौलिकता हराउँदै गएकोले पुरातात्त्विक महत्वका सम्पदा, कला, संस्कृति र जनजीवनलाई जीवन्त राख्न, खोज अनुसन्धान गर्न प्रतिष्ठान स्थापना हुनु अनिवार्य," भएको सामाजिक विकासमन्त्री भण्डारीले बताउनुभयो। उहाँले केन्द्रमा विज्ञहरूमाझ 'कर्णाली प्रज्ञा-प्रतिष्ठान स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृतिका लागि तयार पारिएको अवधारणापत्र' छलफलमा प्रस्तुत गरिएको जानकारी दिनुभयो। निकै लामो समयदेखि चर्चामा रहेको ऐन निर्माणको विषयले पूर्णता पाउन भने सकेको छैन तर चालु आवमै ऐन निर्माण गर्ने तयारी थालिएको छ। कानुन मन्त्रालयबाट सहमति आइपछि मात्र मन्त्रीपरिषद्मा पेस गर्ने तयारी भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ। मन्त्रीपरिषद्बाट स्वीकृति आएको खण्डमा ऐन निर्माणको काम अघि बढाइने मन्त्रालयका सचिव पोखरेलले बताउनुभयो। उहाँका अनुसार प्रदेश सरकारले ऐन निर्माणको मसौदा अघि बढाइने छ। लामो समयसम्म राखिएको ऐन निर्माणको काम चालु आवबाट अघि बढाउन लागिएको प्रदेश सरकारले जनाएको छ। मसौदा निर्माणको काम भने अघि बढेको छ। त्यसका लागि प्रदेशमा समेत छलफलका कार्यक्रम राखिने जनाइएको छ। बेला बेलामा चर्चा भइरहेको ऐन निर्माणको काम सुस्ताउने गरेको छ। यो ऐन निर्माण प्रदेशका लागि महत्वपूर्ण विषयका रूपमा राखेको छ।

## बाँकेमा...

इएमएसमा पास भएपछि यो पटक आइआइएस-आइको काम भइरहेको हो। आइडिए इम्प्याक्ट सर्भे अन्तर्गत अहिले एउटा वडामा १०५ जनाको रक्त नमुना संकलन गरेर जाँच गर्ने काम भइरहेको स्वास्थ्य कार्यालय बाँकेले जनाएको छ। सो सर्भे अनुसार २० वर्ष उमेर माथिका नागरिकको रक्त नमुना संकलन गर्ने काम भइरहेको छ। र्‍यापिट डाइग्नोष्टिक टेस्ट (आरडिटी) मार्फत माइक्रोफाइलेरिया फेला परे उनीहरूको फेरि राती दशदेखि २ बजेसम्मको समयमा माइक्रोस्कोपबाट रक्त नमुना जाँच गरी हात्तीपाइले रोगको परिजिवी भए नभएको पुष्टि गर्ने काम भइरहेको स्वास्थ्य कार्यालय बाँकेका ल्याब टेक्निसियन निरीक्षक केशव ज्ञवालीले बताए। बाँकेमा निरन्तर १३ वर्षदेखि हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने अभियान चलिरहेको छ। ६ वर्षमै औषधि अभियान पूरा हुनुपर्ने भए पनि सबैले औषधि नखाइदिएका कारण यो अभियान बाँकेमा निरन्तर चलिरहेको छ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईंहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यूरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२
विहिबार २७ मंसिर, २०८१
Thursday 12 December, 2024


# कछुवाको गतिमा सिक्टा सिचाइँ आयोजना

नमस्ते समचारदाता
बाँके, मंसिर/२६



बाँकेको सिक्टा सिँचाइ आयोजनाको काम सुस्त गतिमा अघि बढेको छ । गौरवको आयोजना भए पनि २० वर्षदेखि कछुवाको गतिमा काम भइरहेको छ । आयोजनाको लागत भने बढेको बढ्यै छ । सिक्टामा पैसा बगिरहँदा किसानको खेतमा पानी बग्न सकेको छैन । २०६१/०६२ मा गौरवको आयोजना सिक्टा सिँचाइको काम सुरु भएको हो । यसको सुरुवाती लागत १२ अर्ब ८० करोड थियो । समयमा काम सम्पन्न नहुँदा पटक-पटक गुरुयोजना संशोधन गर्दै हाल ५२ अर्ब ८९ करोड लागत पुऱ्याइएको छ । २०८९/०९० सम्म सम्पन्न गर्ने पछिल्लो गुरुयोजना रहेको छ । बाँके जिल्लाको ४२ हजार ७६६ हेक्टर जमिनलाई सिँचाइ गर्ने गरी सिक्टाको परिकल्पना गरिएको छ । पूर्वी र पश्चिमीगरी दुई वटा मूल नहर छन् । पश्चिमी नहर ४५.२५ किलोमिटर र पूर्वी नहर ५३.५ किलोमिटरको रहेको छ । पश्चिमी नहरको शाखा, उपशाखा, प्रशाखाको करिव ६० प्रतिशत काम सकिएको छ । पूर्वी नहरमा धेरै काम बाँकी नै छ । पूर्वी नहरको नरैनापुर गाउँपालिकामा काम नै शुरुवात हुन सकेको छैन । आयोजनाका निमित्त निर्देशक इन्जिनियर राजु आचार्यले आयोजनाको हालसम्म ३९.२२ प्रतिशत भौतिक प्रगति भएको जानकारी दिएका छन् । यो भनेको २० हजार २०० हेक्टरमा सिँचाइ सुविधा पुगेको अवस्था हो । सुरुवातीभन्दा ४० अर्ब बढी लागत बढ्दा अहिलेसम्म आयोजनामा २० अर्ब २४ करोड रुपैयाँ खर्च भइसकेको छ । सिक्टा आयोजना सम्पन्न हुन नसक्नुमा आयोजना प्रमुखको छिटो-छिटो हुने सरुवालाई पनि एउटा कारण मानिएको छ २०६१/०६२ देखि हालसम्म आयोजनामा १५ जना कार्यालय प्रमुख परिवर्तन भइसकेका छन् । यीमध्ये केही कार्यालय प्रमुखले मात्रै दुई वर्ष काम गर्न पाएका छन् । तीन महिना नपुग्दै कार्यालय प्रमुख परिवर्तन भएका छन् । आयोजनामा आएर कामकारबाही राम्ररी बुझ्न नपाउँदै सरुवा गरिदिने र हुने गरेको छ । स्रोतका अनुसार, पछिल्लो समयमा त सिक्टामा कार्यालय प्रमुख आउनै मानेका छैनन् । जनशक्ति र ठेक्का व्यवस्थापन, निकुञ्ज क्षेत्रमा बाढी व्यवस्थापन र घुलनशील माटोको समस्या सिक्टाको प्रमुख समस्या र चुनौतीको रुपमा रहेको छ । सिक्टा सिचाइँ आयोजनाको नहर आफ्नै खेत भएर जादा त्यहीका किसानले सिँचाइ गर्न पाएका छैनन् । अझै ९ हजार हेक्टर क्षेत्रमा काम नै हुन सकेको छैन । २०३२/०३३ सालदेखि सम्भाब्यता अध्ययन गर्दै २०६१/०६२ देखि काम थालिए पनि द्रुतगतिमा काम नहुँदा यहाँका किसान निराश भएका छन् । बाँकेमा अहिले ३६ हजार ५०० हेक्टरमा धानखेती हुन्छ । सिक्टा सिँचाइ सम्पन्न भएर पानीको सुविधा हुँदा ४२ हजार हेक्टरबढीमा खेती हुन सक्छ । सिक्टाको दुई पटक संसदीय टोलीले स्थलगत अनुगमन निरीक्षण गरेको छ । मंसीर ८ गते संसदको पूर्वाधार विकास समितिले सिक्टाको अनुगमन निरीक्षण गरेको थियो । ठाकुर गैरेको नेतृत्वमा आएको प्रतिमा गौतम, विना लामा र लालबीर चौधरीको टोलीले सिक्टाको स्थलगत निरीक्षण गरेको हो । यस्तो निरीक्षण यसअघि २०७५ सालमा पूर्णाकुमारी सुवेदी कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको संयोजक हुँदा भएको थियो । ६ वर्षपछि आएको संसदीय समितिले सिक्टा सिचाइँ आयोजनाको काम छिटो हुन नसक्नुका कारण, समस्याबारे बुझेर सरकारलाई प्रतिवेदन दिने जनाएको छ । अनुगमन गरेर प्रतिवेदन दिए पनि नेपालको ती प्रतिवेदनहरु न गहिरो गरी अध्ययन गरिन्छ न त ती प्रतिवेदनहरुमा उल्लेख भएअनुसार कार्यान्वयन नै हुन गरेका छन् ।

# मानव-वन्यजन्तु द्वन्द न्यूनीकरणका लागि विद्यालय सम्वाद



नमस्ते समचारदाता
बाँके, मंसिर/२६

मानव र वन्यजन्तुबीचको बढ्दो द्वन्द न्यूनीकरण गर्न विद्यालय तहबाटै सचेतना अभियान थाल्नुपर्ने आवाज उठ्दैछ । राप्ती सोनारी गाउँपालिका-२ स्थित श्री लक्ष्मी माध्यमिक विद्यालयमा आयोजित 'वातावरणीय न्याय र जवाफदेहिताका लागि विद्यालय सम्वाद' कार्यक्रममा सहभागी शिक्षक, अभिभावक र स्थानीय सरोकारवालाहरूले यस्तो धारणा व्यक्त गरेका हुन् । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक लक्ष्मण प्रसाद आचार्यले बाँके राष्ट्रिय निकुञ्ज नजिकै र हेको र विद्यार्थीहरू विद्यालय बाहेकको समयमा घाँसदाउराका लागि जंगल जानुपर्ने बाध्यताका कारण वन्यजन्तुको जोखिममा पर्ने गरेको बताए । "विद्यार्थी र उनीहरुको परिवारलाई वन्यजन्तुसँग सुरक्षित रहने तरिकाका बारेमा कुनै जानकारी छैन र यदि क्षति भएमा राहत माग्ने प्रक्रियाबारे समेत अनभिज्ञ छन् । यसकारण विद्यालयबाटै सचेतनामूलक कार्यक्रम थाल्न आवश्यक छ," आचार्यले भने । गत असोज महिनामा गोबारपुर टोलकी एक महिलालाई हात्तीले आक्रमण गर्दा गम्भीर घाइते बनाएको घटनालाई स्मरण गर्दै स्थानीय अभिभावक कमला बिष्टले निकुञ्ज प्रभावित क्षेत्रका सीमान्तकृत समुदायले अझै पर्याप्त राहत र वातावरणीय न्याय नपाएको गुनासो गरिन । समुदायका लागि सञ्चार अभियान नेपाल (सीसीएन)ले आयोजना गरेको यो सम्वाद कार्यक्रम युएसएडको सहयोगमा द एसिया फाउन्डेशन मुख्य कार्यान्वयन संस्था रहेको युएसएड नागरिक समाज तथा सञ्चार कार्यक्रम अन्तर्गत 'वातावरणीय न्याय र जवाफदेहिताका लागि सिमान्तकृत समुदायको सबलीकरण' अभियान मार्फत आयोजित गरिएको थियो । कार्यक्रममा सहजीकरण गर्दै सीसीएनका कार्यक्रम संयोजक भिम बहादुर सार्कीले वन्यजन्तुबाट हुने क्षति, राहत प्रक्रियाहरू, र वन्यजन्तु प्रभावितहरूको लागि बनेका नीतिहरूका विषयमा सहभागीहरूसँग छलफल गराए । उनले मानव-वन्यजन्तु द्वन्द न्यूनीकरणका उपायहरूबारे पनि जानकारी दिए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक-अभिभावक संघका प्रतिनिधि, र शिक्षा शाखाका अधिकारीहरूले विद्यालय र समुदायका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सुझाव दिएका छन् । सीसीएनका उपाध्यक्ष राम प्रसाद आचार्यले विद्यालय सम्वादले वातावरणीय न्याय र मानव-वन्यजन्तु द्वन्दका विषयमा स्थानीय तहका सरोकार वालाबीचको सहकार्यलाई बलियो बनाउने विश्वास व्यक्त गरे । उनीहरुले यो अभियानले विद्यालयमा वातावरणीय न्याय सम्बन्धी पाठ्यक्रम विकासको सुरुवात गर्न प्रेरणा दिने अपेक्षा समेत राखेको बताएका छन् । विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघ र शिक्षा शाखाका प्रतिनिधिसहित ४२ जनाको सहभागितामा सम्पन्न यो सम्वादले मानव-वन्यजन्तु द्वन्द न्यूनीकरणका लागि विद्यालय र समुदायको भूमिकालाई थप सशक्त बनाउने अपेक्षा गरिएको छ ।

# प्रथम चौमासिकमा पुँजीगत बजेट खर्च प्रगति न्यून

नमस्ते समचारदाता
धनगढी, मंसिर/२६




चालु आर्थिक वर्ष २०८१/८२ को प्रथम चौमासिक सकिँदासम्म सुदूरपश्चिम प्रदेश सरकारको पुँजीगत बजेट (विकासको काममा खर्च हुने बजेट) खर्च प्रगति न्यून देखिएको छ । पुँजीगततर्फ कुल १८ अर्ब ६७ करोड २४ लाख रुपियाँ बजेट विनियोजन गरेको प्रदेश सरकारले प्रथम चौमासिकमा एक अर्ब २३ करोड ४२ लाख रुपियाँ खर्च गरेको हो । जुन खर्च प्रगति ६.५७ प्रतिशत रहेको छ । अहिलेसम्म पुँजीगत बजेट थोरै खर्चेको प्रदेश सरकारको चालु बजेट खर्च प्रगति भने तुलनात्मक रुपमा बढी रहेको छ । मङ्सिर १० गतेसम्म सरकारले एक अर्ब ७७ करोड ६४ लाख (१३.८१ प्रतिशत) चालु बजेट खर्च गरेको छ । प्रदेश सरकारले प्रस्तुत गरेको पहिलो बजेट प्रदेश सभाबाट पास नभएपछि गत असोजमा दोस्रो बजेट ल्याइएको थियो । बजेट पास नहुँदा प्रदेश सरकार मातहतका मन्त्रालय र कार्यालयका कर्मचारीले दुई महिनासम्म तलब पाएका थिएनन् । यसैगरी मन्त्रालयहरु पनि उधारोमा चलेका थिए । चालु आर्थिक वर्षका लागि कुल ३१ अर्ब ६२ करोड ९८ लाख रुपियाँ प्रदेश सरकारको बजेट रहेको छ । जसमध्ये मङ्सिर १० गतेसम्म तीन अर्ब ९६ लाख रुपियाँ (९.२२ प्रतिशत) बजेट खर्च भएको प्रदेश लेखा नियन्त्रकको कार्यालयका सूचना अधिकारी यज्ञराज पाण्डेयले जानकारी दिनुभयो। उहाँका अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयले चालुतर्फ १२ करोड तीन लाख र पुँजीगततर्फ एक अर्ब १५ करोड ३५ लाख गरी कुल एक अर्ब २७ करोड ३९ लाख रुपियाँ बजेट खर्च गरेको छ । यसैगरी, सामाजिक विकास मन्त्रालयले चालुतर्फ ५७ करोड ९० लाख र पुँजीगतर्फ चार करोड ९१ लाख गरी ६२ करोड ८१ लाख रुपियाँ बजेट खर्च गरेको छ । यस्तै, प्रदेश व्यवस्थापिकाले चार करोड ६२ लाख, प्रदेश लोक सेवा आयोगले एक करोड सात लाख, मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयले चार करोड ५३ लाख रुपियाँ बजेट खर्च गरेका छन् । यसैगरी, आर्थिक मामिला मन्त्रालयले तीन करोड ५६ लाख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले २० करोड ७८ लाख रुपियाँ बजेट खर्च गरेका छन् । भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले चालुतर्फ १५ करोड चार लाख र पुँजीगत एक करोड पाँच लाख गरी कुल १६ करोड नौ लाख रुपियाँ बजेट खर्च गरेको छ । यस्तै, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले एक करोड ८२ लाख रुपियाँ बजेट खर्च गरेको छ । त्यस्तै, प्रदेश योजना योजना आयोगले ४७ लाख रुपियाँ बजेट खर्च गरेको छ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके